नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय अनुसन्धान विभाग
अनुसन्धान सहायक (राजपत्र अनंकित द्वितीय श्रेणी सरह) पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवं परीक्षा योजना

यस पदको परीक्षा ढाँचा (Examination Scheme) लाई देहाय बमोजिमको चरणमा विभाजन गरिएको छ ।

| | | |
|---|---|---|
| **प्रथम चरण** | :- General Knowledge & Intelligence Aptitude Test | पूर्णाङ्क :- १०० |
| **द्वितीय चरण** | :- लिखित परीक्षा (Written Examination) | पूर्णाङ्क :- २०० |
| **तृतीय चरण** | :- विस्तृत स्वास्थ्य परीक्षण (Detail Health Test) | - |
| **चतुर्थ चरण** | :- अन्तर्वार्ता (Interview) | पूर्णाङ्क :- ४० |

## परीक्षा योजना (Examination Scheme)

**१. प्रथम चरण :- General Knowledge & Intelligence Aptitude Test** **पूर्णाङ्क:- १००**

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्याxअङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | General Knowledge & Intelligence Aptitude Test | १०० | ४० | बहुबैकल्पिक प्रश्न (MCQs) | ५० प्रश्नx२अङ्क | ४५ मिनेट |

**२. द्वितीय चरण :- लिखित परीक्षा (Written Examination)** **पूर्णाङ्क:- २००**

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | | प्रश्नसंख्याxअङ्क | समय |
|---|---|---|---|---|---|---|---|
| द्वितीय | व्यवस्थापन, लेखा, समसामयिक मामिला र कानून तथा लेखन सीप सम्बन्धी | १०० | ४० | विषयगत (Subjective) | छोटो प्रश्न | १२ प्रश्नx५ अङ्क | २ घण्टा ३० मिनेट |
| | | | | | लामो प्रश्न | ४ प्रश्नx१० अङ्क | |
| तृतीय | इण्टेलिजेन्स सेवा तथा सुरक्षा सम्बन्धी | १०० | ४० | विषयगत (Subjective) | छोटो प्रश्न | १२ प्रश्नx५ अङ्क | २ घण्टा ३० मिनेट |
| | | | | | लामो प्रश्न | ४ प्रश्नx१० अङ्क | |

**३. तृतीय चरण :- विस्तृत स्वास्थ्य परीक्षण (Detail Health Test)**

**४. चतुर्थ चरण:- अन्तर्वार्ता (Interview)** **पूर्णाङ्क:- ४०**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| **अन्तर्वार्ता** | ४० | मौखिक (बोर्ड अन्तर्वार्ता) |

**द्रष्टव्य :-**

१. यो पाठ्यक्रम योजनालाई प्रथम चरण अन्तर्गत General Knowledge & Intelligence Aptitude Test, द्वितीय चरण अन्तर्गत लिखित परीक्षा (द्वितीय र तृतीय पत्र), तृतीय चरण अन्तर्गत विस्तृत स्वास्थ्य परीक्षण र चतुर्थ चरण अन्तर्गत अन्तर्वार्ता परीक्षाको आधारमा विभाजन गरिएको छ ।
२. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अङ्ग्रेजी दुवै हुनेछ ।
३. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरूको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।
४. सबै किसिमका परीक्षामा कुनै प्रकारको मोवाइल तथा बहुवैकल्पिक प्रश्नहरू हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) जस्ता कुनै पनि विद्युतीय उपकरण प्रयोग गर्न पाइने छैन ।

५. प्रथम चरणको General Knowledge & Intelligence Aptitude Test बाट छनौट भएका उम्मेदवारहरूलाई मात्र द्वितीय चरणको लिखित परीक्षामा सहभागी गराइनेछ।

६. द्वितीय चरणको लिखित परीक्षाको द्वितीय र तृतीय पत्रको परीक्षा छुट्टाछुट्टै हुनेछ।

७. विषयगत प्रश्नमा आवश्यक देखिएमा प्रत्येक खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरूमा समेत लिखित परीक्षा गराउन सकिनेछ। परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नहरूको उत्तर सोही खण्डका उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

८. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जुनसुकै कुरा लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरू परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

९. प्रथम चरणको General Knowledge & Intelligence Aptitude Test मा प्राप्त गरेको प्राप्ताङ्कको ५० (पचास) प्रतिशत अङ्क तथा द्वितीय चरणको लिखित परीक्षाको प्राप्ताङ्कहरू जोडी कूल अङ्कको आधारमा लिखित परीक्षाको नतिजा प्रकाशित गरिनेछ।

१०. लिखित परीक्षामा सफल उम्मेदवारहरूलाई नेपाल सरकारको स्वामित्वमा रहेका अस्पताल वा स्वास्थ्य संस्थामा (पाठ्यक्रममा समावेश स्वास्थ्य परीक्षण मापदण्ड बमोजिम) विस्तृत स्वास्थ्य परीक्षण गराइनेछ। स्वास्थ्य परीक्षणमा योग्य उम्मेदवार मात्र चतुर्थ चरणको परीक्षामा समावेश हुन सक्नेछन्।

११. प्रथम र द्वितीय चरणको लिखित र अन्तर्वार्ता परीक्षाको कुल अङ्क योगका आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ।

१२. पाठ्यक्रम स्वीकृत मिति: २०८१/०२/०७

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय अनुसन्धान विभाग

अनुसन्धान सहायक (राजपत्र अनंकित द्वितीय श्रेणी सरह) पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवं परीक्षा योजना

**प्रथम चरण**

## प्रथम पत्र :- General Knowledge & Intelligence Aptitude Test

### खण्ड क :- General Knowledge (२५ प्रश्न x२अङ्क=५० अङ्क)

**१. भूगोल**

१.१ विश्वको भूगोल सम्बन्धी जानकारी - महादेश, महासागर, ध्रुव, अक्षांश, देशान्तर, समय, दुरी, पर्वत श्रृंखला, भूकम्प, ज्वालामुखी, नदी, हिमनदी, ताल, जलवायु।

१.२ नेपालको भूगोल सम्बन्धी जानकारी (धरातलिय स्वरूप, भौगोलिक अवस्था, प्राकृतिक स्रोत र हावापानी)

**२. ईतिहास, संस्कृति, राजनीतिक, सामाजिक र आर्थिक अवस्था**

२.१ विश्वका प्रमुख ऐतिहासिक घटनाहरू (औद्योगिक क्रान्ति, फ्रान्सको राज्यक्रान्ति, अमेरिकी स्वतन्त्रता सङ्ग्राम, रुसी /अक्टोवर क्रान्ति, प्रथम र द्वितीय विश्वयुद्ध तथा भारतीय स्वतन्त्रता सङ्ग्रामः घटना, कारण र परिणामहरू)

२.२ नेपालको इतिहास (प्राचीन कालदेखि हालसम्म)

२.२.१ किराँतकाल, लिच्छविकाल र मध्यकालः सामाजिक, सांस्कृतिक एवं राजनीतिक अवस्था।

२.२.२ आधुनिक इतिहास (नेपालको एकीकरण देखि हालसम्म) राजनीतिक घटनाक्रम, सामाजिक-सांस्कृतिक र आर्थिक अवस्था।

२.३ नेपालको शासनपद्धति : सरकार, संविधान र संघीय शासन प्रणाली।

२.४ नेपालको सामाजिक अवस्था, परम्परा, मूल्य र मान्यता, धर्म, जातजाति, भाषाभाषी, संस्कृति, कला, साहित्य, संगीत, सांस्कृतिक सम्पदा।

२.५ नेपालको अर्थतन्त्रसंग सम्बन्धित वर्तमान अवस्था (आर्थिक वृद्धि, कुल ग्राहस्थ उत्पादन, प्रतिव्यक्ति आय, विप्रेषण, वैदेशिक लगानी, वैदेशिक सहयोग, कृषि, उद्योग, व्यापार, पर्यटन, यातायात, संचार र आवधिक योजना)

**३. वातावरण, विज्ञान प्रविधि र जनस्वास्थ्य**

३.१ जैविक विविधता, दीगो विकास, जलवायु परिवर्तन, वातावरण व्यवस्थापन, प्रदुषण, शहरीकरण, जनसंख्या र बसाइँसराइ सम्बन्धी जानकारी।

३.२ मानव जीवन र समाजमा प्रत्यक्ष प्रभाव पार्ने प्रमुख वैज्ञानिक आविष्कार, प्रसिद्ध वैज्ञानिक र तिनको योगदान सम्बन्धी जानकारी।

३.३ जनस्वास्थ्य, सर्ने तथा नसर्ने रोग र पोषण सम्बन्धी जानकारी।

**४. अन्तर्राष्ट्रिय मामिला, अन्तर्राष्ट्रिय संघ/संस्था र नेपालको कुटनीति**

४.१ संयुक्त राष्ट्रसंघ र यसका, विशिष्टीकृत संस्थाहरू सम्बन्धी जानकारी।

४.२ सार्क, बिमस्टेक, आसियान, युरोपियन यूनियन र इन्टरपोल सम्बन्धी जानकारी।

४.३ संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना कार्यमा नेपालको भूमिका।

४.४ नेपालको कुटनीति तथा परराष्ट्र नीति

४.५ विभिन्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरका द्वन्दहरू

४.६ नेपालको छिमेकी तथा मित्र राष्ट्रहरूसंगको सम्बन्ध

४.७ क्षेत्रीय स्तरका विकास र सुरक्षा सम्बन्धी रणनीतिहरू र नेपालमा तिनको प्रभाव

**५. इण्टेलिजेन्स सेवा र सुरक्षा सम्बन्धी जानकारी**

५.१ नेपालको इण्टेलिजेन्स सेवा र राष्ट्रिय अनुसन्धान विभाग (ऐतिहासिक पृष्ठभूमि, पदसोपान, कार्यक्षेत्र र जिम्मेवारी)
५.२ विश्वका प्रमुख जासुसी संस्थाहरू
५.३ नेपालको सुरक्षा व्यवस्थापन सम्वन्धी जानकारी (राष्ट्रिय सुरक्षा परिषद् र सुरक्षासंग सम्बद्ध निकायहरू, तिनका काम, कर्तव्य, अधिकार, ऐन, नियम तथा कार्यप्रकृति)
५.४ नेपालको राष्ट्रिय तथा आन्तरिक सुरक्षा व्यवस्थापन
५.५ नेपाल विशेष सेवा ऐन, २०४२
५.६ क्षेत्रीय तथा अन्तर्राष्ट्रिय आतंकवादी संगठनहरू

**६. राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वका समसामयिक घटना तथा नविनतम गतिविधिहरू**

६.१ सुरक्षा र सूचना प्रविधी सम्बन्धी गतिविधिहरू
६.२ राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय खेलकुद सम्बन्धी
६.३ अन्य समसामयिक गतिविधिहरू

## खण्ड ख :- Intelligence Aptitude Test (२५ प्रश्न x२अङ्क=५० अङ्क)

**1. Verbal Reasoning Test:-**

Intelligence vocabulary, series, analogy, classification, coding-decoding, insert the missing character, direction and distance, sense test, logical reasoning, ranking order, assertion and reason, induction, deduction, course of action.

**2. Non-Verbal Reasoning Test:-**

Series, analogy, symmetry, classification, analytical reasoning, Venn diagrams, figure matrix, construction of squares and triangles, figure formation and analysis, dot situation, water images, mirror images, embedded figures, transposition of figures

**3. Quantitative (Numerical) Reasoning Test:-**

Series/sequence, number, analogy, classification, coding, insert the missing character, common property, matrices, data interpretation, data checking, arithmetical reasoning /operation, percentage, fraction, decimal, ratio, average, loss, profit, date/calendar, time and work.

**प्रश्न तथा अङ्कभार विभाजन**

| प्रथम पत्र | General Knowledge | | | | | | Intelligence Aptitude Test | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अङ्कभार | ५० | | | | | | ५० | | |
| एकाई | १ | २ | ३ | ४ | ५ | ६ | १ | २ | ३ |
| प्रश्न संख्या | ३ | ४ | ३ | ५ | ७ | ३ | ८ | ८ | ९ |
| जम्मा अङ्क | २५×२=५० | | | | | | २५×२=५० | | |

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय अनुसन्धान विभाग

अनुसन्धान सहायक (राजपत्र अनंकित द्वितीय श्रेणी सरह) पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवं परीक्षा योजना

**द्वितीय चरण:- लिखित परीक्षा**

**द्वितीय पत्र - व्यवस्थापन, लेखा, समसामयिक मामिला र कानून तथा लेखन सीप सम्बन्धी**

**खण्ड (क) :- व्यवस्थापन, लेखा र समसामयिक मामिला सम्बन्धी - (४० अङ्क)**

१. दर्ता, चलानी, फाइलिङ्ग र पत्र व्यवहार
२. बैठक व्यवस्थापन र निर्णय (माईन्यूट) लेखन
३. टिप्पणी, प्रतिवेदन लेखन र अभिलेख व्यवस्थापन
४. जिन्सी स्रेस्ताको परिचय र महत्व
५. माग फारम, खरिद आदेश, दाखिला रिपोर्ट र जिन्सी खाता सम्बन्धी जानकारी
६. कार्यालय व्यवस्थापन
७. कार्यालयमा सञ्चार:- महत्व, किसिम र साधन
८. सहायकस्तरका कर्मचारीहरूका कार्य, जिम्मेवारी र गुणहरू
९. बजेट र नेपालको सरकारी लेखा प्रणाली एवं लेखापरीक्षण
१०.नेपालमा वैदेशिक गतिविधि र यसको प्रभाव
११.नेपालको अन्तर्राष्ट्रिय सम्बन्धका वर्तमान आयामहरू (कुटनीति, आर्थिक, राजनीतिक, सामरिक)
१२.मानव अधिकारको अवधारणा
१३.आप्रवासी तथा शरणार्थी समस्या र नेपालमा यसको प्रभाव
१४.नेपालमा वैदेशिक लगानी र विप्रेषण
१५.सूचना संचार प्रविधिको प्रयोग र महत्व
१६.संकट र विपद् व्यवस्थापन
१७.दीगो विकास र जलवायु परिवर्तन
१८.सुशासनको अवधारणा र नेपालमा सुशासनको अवस्था

**खण्ड (ख) :- कानून सम्बन्धी - (२५ अङ्क)**

१. नेपालको संविधान ( मूलभूत विशेषताहरू, कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका, मौलिक हक र कर्तव्य, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व)
२. मुलुकी अपराध (संहिता) ऐन, २०७४ र मुलुकी देवानी (संहिता) ऐन, २०७४
३. नेपाल विशेष सेवा ऐन,२०४२
४. स्थानीय सरकार संचालन ऐन,२०७४
५. भ्रष्टाचार निवारण ऐन,२०५९
६. सूचनाको हक सम्बन्धी ऐन,२०६४
७. सुशासन (व्यवस्थापन तथा संचालन) ऐन,२०६४
८. विद्युतिय कारोबार सम्बन्धी ऐन,२०६३
९. देहायका संगठनको परिचय तथा मुख्य कार्यहरू :
   प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, महालेखा परीक्षकको कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग

**खण्ड (ग) :- लेखन सीप (नेपाली र अङ्ग्रेजी भाषा) सम्बन्धी - (३५ अङ्क)**

**English Writing**

1. Comprehension of a given passage :
   Fact finding, Inferential, Core theme, True/false identification, Issues raised and Language based
2. Summary and precise writing
3. Official letter, application and invitation writing
4. Incident and event report writing
5. Amplification
6. Short note and minute writing
7. Translation from Nepali text to English and English text to Nepali

**नेपाली लेखन**

१. बुँदा टिपोट र सारांश लेखन
२. पत्र, निवेदन र निमन्त्रणा लेखन
३. प्रतिवेदन लेखन (परिचय, उद्देश्य, महत्व, शैली र ढाँचा तथा निर्धारित विषयका सम्बन्धमा प्रतिवेदन लेखन)
४. अनुच्छेद र टिप्पणी लेखन
५. अनुच्छेदको संक्षेपीकरण र विस्तृतीकरण
६. छोटो निबन्ध र बैठकको निर्णय लेखन

**प्रश्न तथा अङ्कभार विभाजन**

| **द्वितीय पत्र** | **खण्ड (क) व्यवस्थापन, लेखा तथा समसामयिक मामिला सम्बन्धी** | | **खण्ड (ख) कानून सम्बन्धी** | | **खण्ड (ग) लेखन सीप सम्बन्धी** | |
|---|---|---|---|---|---|---|
| | | | | | नेपाली | अङ्ग्रेजी |
| अङ्कभार | ४० | | २५ | | ३५ | |
| प्रश्न किसिम | छोटो | लामो | छोटो | लामो | छोटो | लामो |
| प्रश्न संख्या | ४ | २ | ३ | १ | ५ | १ |
| प्रश्न अङ्कभार | ५ | १० | ५ | १० | ५ | १० |
| **जम्मा प्रश्न** | ४×५+२×१०=४० | | ३×५+१×१०=२५ | | ५×५+१×१०=३५ | |

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय अनुसन्धान विभाग

अनुसन्धान सहायक (राजपत्र अनंकित द्वितीय श्रेणी सरह) पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवं परीक्षा योजना

**तृतीय पत्र :- इण्टेलिजेन्स सेवा र सुरक्षा सम्बन्धी**

**खण्ड (क) :- इण्टेलिजेन्स (गुप्तचरी) कार्य सम्बन्धी - (५० अङ्क)**

१. सूचना तथा इन्टेलिजेन्स (गुप्तचरी) को अवधारणा र महत्व
२. विश्वमा इण्टेलिजेन्स सेवाको अवधारणा र सुरक्षामा गुप्तचरीको भूमिका
३. राष्ट्रिय अनुसन्धान विभागको पृष्ठभूमि, परिचय, सांगठनिक संरचना, काम कर्तव्य र अधिकार
४. सूचना संकलन, विश्लेषण, भण्डारण, प्रवाह र सुरक्षा
५. अनुसन्धान कार्य र प्रमाण संकलन
६. गुप्तचरी कार्यका लागि जनसम्पर्क र सूचना संजाल विस्तार
७. सूचना संकलन कार्यमा मानवीय र प्राविधिक गुप्तचरीको प्रयोग र महत्व
८. गुप्तचरी (Intelligence) र प्रतिगुप्तचरी (Counter Intelligence) कार्य
९. सूचना संकलन कार्यमा गोप्य अभियान, आवरणयुक्त कार्य र निगरानीको आवश्यकता र महत्व
१०. गुप्तचरी कार्यका लागि सूत्र र सुराकीको आवश्यकता र परिचालनको महत्व
११. जातीय तथा धार्मिक अतिवाद र कट्टरपन्थ न्यूनीकरणमा गुप्तचरी कार्यको भूमिका
१२. विश्वका प्रमुख जासुसी संस्था सम्बन्धी जानकारी

**खण्ड (ख) :- सुरक्षा व्यवस्थापन सम्बन्धी - (५० अङ्क)**

१. राष्ट्रिय सुरक्षाको अवधारणा, परिचय र आयामहरू
२. राष्ट्रिय सुरक्षाका आन्तरिक तथा वाह्य चुनौति
३. सीमा सुरक्षा र वोर्डर इन्टेलिजेन्स
४. राष्ट्रिय सुरक्षा व्यवस्थापनमा सुरक्षा निकायहरूबिचको अन्तरसम्बन्ध, समन्वय र सहकार्य
५. अति विशिष्ट व्यक्ति र महत्वपूर्ण प्रतिष्ठानको सुरक्षा तथा खतरा मूल्याङ्कन
६. मानविय सुरक्षाका नविनतम आयामहरू (खाद्य, आर्थिक, सामाजिक, राजनीतिक, स्वास्थ्य, वातावरणीय, सूचना प्रविधि, उर्जा आदि )
७. साना हातहतियार तथा विष्फोटक पदार्थ सम्बन्धी जानकारी
८. संगठित, अन्तरसीमा तथा अन्तरदेशीय अपराधका प्रवृत्ति
९. साइबर सुरक्षा र राष्ट्रिय सुरक्षामा देखिएका चुनौति
१०. क्षेत्रीय तथा अन्तर्राष्ट्रिय आतंकवाद र प्रतिआतंकवाद सम्बन्धी कार्य
११. आप्रवासी तथा शरणार्थी समस्या र सुरक्षामा उत्पन्न चुनौति
१२. इन्टरपोलको परिचय र कार्यहरू

**प्रश्न तथा अङ्कभार विभाजन**

| तृतीय पत्र | खण्ड (क) इण्टेलिजेन्स कार्य सम्बन्धी | | खण्ड (ख) सुरक्षा व्यवस्था सम्बन्धी | |
|---|---|---|---|---|
| अङ्कभार | ५० | | ५० | |
| प्रश्न किसिम | छोटो | लामो | छोटो | लामो |
| प्रश्न संख्या | ६ | २ | ६ | २ |
| प्रश्न अङ्कभार | ५ | १० | ५ | १० |
| **जम्मा प्रश्न** | **६×५+२×१०=५०** | | **६×५+२×१०=५०** | |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय अनुसन्धान विभाग
अनुसन्धान सहायक (राजपत्र अनंकित द्वितीय श्रेणी सरह) पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवं परीक्षा योजना

**तृतीय चरण :- विस्तृत स्वास्थ्य परीक्षण**

लिखित परीक्षामा सफल भएका उम्मेदवारहरूले राष्ट्रिय अनुसन्धान विभागबाट तोकिएको नेपाल सरकारको स्वामित्वमा रहेको अस्पताल वा स्वास्थ्य संस्थामा देहायका विवरण बमोजिम अनिवार्य विस्तृत स्वास्थ्य परीक्षण गर्नुपर्नेछ । स्वास्थ्य परीक्षणमा योग्य उम्मेदवारहरू मात्र चतुर्थ चरण अन्तर्गतको परीक्षामा समावेश हुन सक्नेछन् ।

**क. साधारण वियरिङ परीक्षणका आधारभूत मापदण्डहरू :**

- उचाई :- पुरुष उम्मेदवार (६२ इन्च)
  महिला उम्मेदवार (६० इन्च)
- कम्तिमा तौल पुरुषको हकमा ५० के.जी. र महिलाको हकमा ४२ के.जी. हुनुपर्ने,
- छाती :- पुरुषका लागि मात्र (नफुलाउदा कम्तिमा ३१ र फुलाउदा ३३ इन्च)
- अंगभंग वा हातखुट्टा बाङ्गो टिङ्गो नभएको,
- Knee Lock वा Bow Knee नभएको,
- चेप्टो पैतला नभएको,
- प्रष्ट बोली भएको,
- वोल्न कठिनाई नभएको,
- ढाड ननुहेको,
- शरीर पुरा झुकाउन सक्ने,
- दुवी नभएको,
- जीउ कोल्टे नपरेको,
- आँखा छड्के नभएको,
- ट्याटुको हकमा 2.5 x 2.5 CM सम्म Consider गर्न सकिने तथा देखिने ठाउँमा हुन नहुने,
- Congenital Deformity नभएको,
- एकतिहाई भन्दा बढी कपाल झरेको, फुलेको वा रङ्गाएको हुन नहुने,
- Major Operation Scar हुन नहुने ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय अनुसन्धान विभाग
अनुसन्धान सहायक (राजपत्र अनंकित द्वितीय श्रेणी सरह) पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवं परीक्षा योजना

**ख. विस्तृत स्वास्थ्य परीक्षणका मापदण्डहरू :**

| क्र.सं. | विषय | परीक्षणहरू | कैफियत |
|---|---|---|---|
| 1 | **General Medical Examination** | • General Personality Observation-Normal हुनुपर्ने<br>• Pulse र Blood Pressure-Normal हुनुपर्ने<br>• कुनै पनि दीर्घ रोग हुन नहुने | |
| 2 | **Systemic Medical Examination** | 2.1 Eye Test<br>• आँखाको पावर (+2) अथवा (-2) भन्दा बढी हुन नहुने<br>• Color Blind हुन नहुने<br>2.2 Dental<br>• अगाडीको दाँत झरेको हुन नहुने<br>• नदेखिने ठाउँमा २ भन्दा बढी दाँत झरेको हुन नहुने<br>• ४ भन्दा बढी दाँत किराले खाएको हुन नहुने<br>2.3 ENT<br>• कानबाट पिप आउने रोग हुन नहुने<br>• Tympanic Membrane ठिक हुनुपर्ने<br>2.4 मुटु - Clinical Examination-Normal हुनु पर्ने<br>2.5 Chest - Clinical Examination-Normal हुनु पर्ने<br>2.6 Hydrocele, Hernia, Piles, Varicose Vein - हुन नहुने<br>2.7 Congenital Deformity - हुन नहुने<br>2.8 Major Operation Scar - हुन नहुने | |
| 3 | **Investigations /Lab Test** | • Blood Routine (HB, TC, DC, ESR, Creatinine Serology-HIV, HBsAg, Anti HCV, VDRL)<br>• Chest X-ray<br>• Urine Routine<br>• Drug of Abuse (DOA) Test | Normal हुनुपर्ने |
| 4 | **Gynecological Examination (महिला उम्मेदवारहरूको हकमा मात्र)** | • Congenital Deformity - हुन नहुने<br>• General Gynecological Examination-Normal हुनुपर्ने<br>• Urine Pregnancy Test-Negative हुनुपर्ने | |

**विस्तृत स्वास्थ्य परीक्षण गर्न आउनु पूर्व उम्मेदवारहरूले ध्यान दिनुपर्ने कुराहरू :-**

१. पुरुषको हकमा कपाल काटेको हुनुपर्ने।
२. कानको Wax सफा गरेर आउनुपर्ने।

**नोट**

१. विस्तृत स्वास्थ्य परीक्षणमा कुनै द्विवीधा/अस्पष्टता/विवाद पर्न गएमा सम्बन्धित अस्पतालको मेडिकल बोर्डको निर्णयलाई नै अन्तिम मानिनेछ।
२. विस्तृत स्वास्थ्य परीक्षणमा योग्य भएका उम्मेदवारहरू मात्र चतुर्थ चरणको परीक्षामा सहभागी हुन सक्नेछन् ।